जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २८५ २०८० साल असार ७ गते बिहीबार (22 June 2023 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

जनहीतका लागि

यस अंक भित्र : २ पृष्ठमा : दुई डिग्री सेन्टिग्रेड तापक्रम. ३ पृष्ठमा : सार्वजनिक ऋण रु २१ खर्ब... ३ पृष्ठमा : होन्डुरनको महिला कारागार...

## अख्तियारमा झुठो उजुरी पर्‍यो : फुटबल संघ

**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

जिल्ला फुटबल संघ सप्तरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी झुठो भएको ठहर गरेको छ ।

संघका अध्यक्ष राजकुमार परियारले उजुरी झुठो भएको प्रस्ट पार्दै माग बमोजिमको विवरण पठाएको जानकारी दिएका छन् ।

अध्यक्ष परियारको अध्यक्षतमा वसेको बैठकले इटहरीस्थित आयोगको कार्यालयमा झुठो उजुरी परेको ठहर गर्दै रायसहित आयोगले मागेको विवरण र कागजात बुधवार पठाएको हो । आयोगले मागे अनुसारको सम्पूर्ण विवरण तथा नेपाल बैंक लिमिटेडमा रहेको संघको खाताको बैंक स्टेटमेन्टहरु आयोगमा पठाइएको उनले जानकारी दिए ।

अखितयारमा मधेश सरकारबाट खेलकुद गतिविधी गर्न जिल्ला फूटवल संघलाई ७० हजार रुपैया प्राप्त भएको र सो रकम अनियमितता भएको उजुरी परेपछी छानवीन गर्न २०८० जेठ ३१ गते आयोगले संघलाई पत्र काटेर सो को सम्पुर्ण विवरण माँग गरेको थियो ।

अध्यक्ष परियारले संघलाई मधेश प्रदेश सरकारबाट खेलकुद गतिविधी गर्न कुनै रकम प्राप्त नभएको भन्दै पत्र आएपछी हामी चकित परेको सुनाए । उनले भने, “हुदै नभएको कुरा राखेर झुठो उजुरी दिने ब्यक्तीमाथी समेत छानवीन हुनु पर्ने हाम्रो अनुरोध हो ।”

## योग दिवसमा योगाभ्यास र प्रभातफेरी




**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

९औं अन्तराष्ट्रिय योग दिवसको अवसरमा राजविराजस्थित राजरंगशालमा बुधबार योगशिविर तथा बजार क्षेत्रमा प्रभातफेरीके आयोजना गरिएको छ ।

“मानवताका लागी योग, योग गरौ निरोग रहौं” सन्देशसहित बुधवार पतञ्जली योग समिती नेपाल मधेश प्रदेश समितीको आयोजना तथा प्रादेशिक आर्युवेद र वैकल्पिक चिकित्सालय, पतञ्जली योग साधना केन्द्र सप्तरी, माँ काली योग साधना केन्द्र लगायत संस्थाको संयोजनमा शिविर तथा प्रभातफेरीको आयोजना गरिएको हो ।

राजरंगशालामा आयोजित शिविरमा सहभागी हुनेको भीड लागेको थियो । त्यही म्याट ओछ्याएर सहभागिहरु योगासन तथा ध्यानमा मग्न भए । शिविरमा करिब डेढ घण्टा योगाभ्यास तथा अन्य कार्यक्रम आयोजना गरिएको थियो ।

त्यस पश्चात प्रभातफेरीको आयोजना गरियो । शिविरमा सहभागि मधेश प्रदेश सभा सदस्य एवं प्रदेशसभा अर्थसमिति संयोजक सतिश कुमार सिंहले तनावमुक्त, शान्त, रोगमुक्त स्वास्थ्य शरीर, आघातमुक्त र चित्त विकासमा योगको महत्वपुर्ण भुमिका रहेकाले योगमा जुड्न सर्वसाधारणलाई आग्रह गरेका थिए ।

## राजविराजमा सात वर्षपछि मेयर कप फुटबल हुँदै




**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

सात वर्षपछि राजविराजमा पहिलो पटक प्रथम मेयर कप फुटबल प्रतियोगिता संचालन हुदैछ । लामो समयदेखी कुनै फुटबल प्रतियोगिता नभएको राजविराजस्थित राजरंगशालामा असार ९ देखी प्रथम मेयर कप फुटबल प्रतियोगिता संचालन हने भएको हो ।

जिल्ला सदरमुकाम राजविराजमा क्रिकेट प्रतियोगिता वर्षै पिच्छे हुने गरे पनि झण्डै ७ वर्षपछि स्तरिय फुटबल प्रतियोगिता हुने कुराले नगरवासीमा उत्साह छाएको आयोजक जिल्ला फुटबल संघ सप्तरीका अध्यक्ष राजकुमार परियारले सुनाए ।

प्रतियोगिता भव्य र सभ्य बनाउन सबै मिलेर लागिपरेको बताउँदै अध्यक्ष परियारले वर्षौंपछि हुन लागेको प्रतियोगिता सफल बनाउन मैदान र मञ्च चिटिक्क पार्न लागेका बताए ।

सात दिनसम्म चल्ने प्रतियोगितामा आयोजक सप्तरीसहित सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सुनसरी र उदयपुरका गरि ८ क्लब प्रतिस्पर्धी हुदैछन् ।

प्रतियोगिताको मुख्य प्रायोजन राजविराज नगरपालिकाले गरेको छ ।

## योग सम्बन्धी विषय पाठ्यक्रममा राख्न शिक्षा मन्त्रिको सुझाव




**दैनिक समाचारदाता**
**जनकपुर, ६ असार ।**

मधेश प्रदेश सरकार शिक्षा तथा समाज कल्याण मन्त्रालयले नवौं अन्तर्राष्ट्रिय योग दिवस २०८० बुधबार मनाएको छ ।

प्रदेश राजधानी जनकपुरधामस्थित राम मन्दिरको प्राङ्गनमा पंतजली योग समिति धनुषाको समन्व्य गरी मनाइएको हो ।

मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवको प्रमुख आतिथ्य तथा मन्त्रालयको सचिब लक्ष्मी भट्टराइको अध्यक्षतामा आयोजित कार्यक्रममा हजारौंको संख्यामा उपस्थित योगासन गर्ने व्यत्तित्वहरुलाई योग प्रशिक्षकद्वारा योगको कोर्ष गराइयो थियो ।

सो अवसरमा मन्त्री यादवले अगामी वर्षको योग दिवस भव्यता

*बाँकी अन्तिम पृष्ठमा*

## सोनरामा विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

सप्तरीको महदेवा गाउँपालिका १ स्थित नरबहादुर थापा जनता माध्यमिक विद्यालय पकरी गोठ सोनरामा विद्यालय व्यवस्थापन समितिको निर्वाचन सम्पन्न भएको छ ।

बुधबार सम्पन्न निर्वाचनमा

*बाँकी अन्तिम पृष्ठमा*

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुंदा:

- वृक्षारोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भु-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खेलकुद क्षेत्रमा बजेट बिनियोजन गर्नेतर्फ ध्यान पुगोस्

सप्तरीमा खेलकुद गतिविधी न्यून भइरहेको बेला वर्षमा एक पटक जिल्ला स्तरिय क्रिकेट प्रतियोगिता हुने भएकोले केही राहत हुने गरेको छ । जिल्लामा क्रिकेट प्रतियोगिता बाहेक फुटबल प्रतियोगिताले पनि खेलकुदको साख जोगाएको छ । क्रिकेट सदरमुकाम राजविराज हुने गर्छ भने सानो तिनो फुटबल प्रतियोगिता जिल्लाको पूर्वी भेगमा हुने गरेको छ । विद्यालयस्तर र क्लबस्तरको फुटबल प्रतियोगिताका कारण यहाँका खेलाडीहरुले आफ्नो प्रतिभा उजागर गर्ने मौका पाउने गरेको छ ।

यता फुटबलको ठूलो प्रतियोगिता ७ वर्षपछि हुन गइरहेकोमा जिल्लाका खेलप्रेमीहरु उत्साहित भएका छन् । यसरी जिल्लामा यस्ता ठूला खेलकुदका प्रतियोगिता वर्षमा कम्तिमा दुई पटकसम्म हुन सक्यो भने खेलप्रति लगाव राख्ने नवप्रतिभाहरुले मौका पाउनेछन् । जिल्लाका स्थानिय तहहरुले विकासका लागि बजेट बिनियोजन गरे पनि खेलकुदका लागि बजेट बिनियोजन गर्न ध्यान नदिएको अवस्था छ ।

प्रत्येक पालिकाले खेलकुद क्षेत्रमा थोरै भएपनि बजेट बिनियोजन गर्न सके यहाँका खेलाडीहरुले आफ्नो प्रतिभा देखाउनुका साथै राष्ट्रिय प्रतियोगितामा समेत सहभागि हुने मौका पाउन सक्ने कुरामा दुईमत नहोला । तसर्थ खेलकुदप्रति पनि सबै पालिकाले लचकता अपनाएर बजेट बिनियोजन गर्नेतर्फ ध्यान पुऱ्याउनु आवश्यक छ ।

# दुई डिग्री सेन्टिग्रेड तापक्रम बढे ४० प्रतिशत हिउँ लोप हुने

काठमाडौँ, ६ असार (रासस) ।

एक अध्ययनका अनुसार पृथ्वीको सरदर तापमान एक दशमलव पाँचदेखि दुई डिग्री सेन्टिग्रेड बढेको अवस्थामा हिन्दकुश हिमालय क्षेत्रको ३० देखि ४० प्रतिशत हिउँ लोप हुने खतरा रहेको देखिन्छ ।

नेपालसहित आठ राष्ट्र सदस्य रहेको अन्तर-सरकारी निकाय अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)ले गरेको एक अध्ययनअनुसार विश्वको सरदर तापमानमा भएको बढोत्तरीका कारण पछिल्ला वर्षमा हिमनदी, हिउँ र हिउँ जमेको स्थानमा अभूतपूर्व परिवर्तन आएको देखिएको छ ।

तीन हजार पाँच सय किलोमिटर लामो हिन्दकुश हिमालय शृङ्खलामा नेपालसहित अफगानिस्तान, बङ्गालादेश, भुटान, चीन, भारत, म्यानमार र पाकिस्तान गरी आठ मुलुक पर्दछन् । हिमनदीको क्षयीकरणको दर हिमालय क्षेत्रका विभिन्न भू-भागमा फरक-फरक रहने अध्ययनको प्रक्षेपण गरेको छ । यो शताब्दीको अन्त्यसम्ममा तीन डिग्री सेन्टिग्रेडले पृथ्वीको तापक्रम बढ्दा हिमालय क्षेत्रले ७५ प्रतिशत हिउँ गुमाउने र पृथ्वीको तापमान चार डिग्रीले बढ्दा यो ८० प्रतिशत पुग्ने आँकलन गरिएको छ ।

इसिमोडले सार्वजनिक गरेको 'हिन्दकुश हिमालय क्षेत्रको पानी, हिउँ, समाज र पारिस्थिकीय प्रणाली' शीर्षकको अध्ययन प्रतिवेदनमा उच्च भूभागमा पानी जमेको क्षेत्र, पानी, जैविक विविधता, समाजको अन्तरसम्बन्ध र यसको प्रभावबारे समीक्षा गरिएको छ ।

अध्ययनले पृथ्वीको तापमानमा भएको वृद्धिका कारण सन् २००० को दशकको तुलनामा सन् २०११ देखि २०२० सम्मको दशकमा हिमनदीहरूको क्षयीकरणको दर ६५ प्रतिशतले बढिरहेको देखाएको छ । हिउँ पग्लने प्रक्रियाका कारण यो शताब्दीको मध्यसम्म यो क्षेत्रमा पानीको मात्रा र प्रवाह अत्यधिक हुने र त्यसपछि क्रमशः अभाव हुँदै जाने आकलन अध्ययनमा छ ।

अध्ययनका प्रमुख लेखक तथा इसिमोडका वातावरण वैज्ञानिक फिलिपस वेस्टरले भन्नुभएको छ, "पछिल्लो सयवर्ष अवधिमा हामी हिमनदी गुमाउँदै छौँ ।" हिउँ र बरफ पग्लिँदा यस क्षेत्रमा बसोबास गर्ने दुई अर्ब मानिसको जीवनयापन र विभिन्न प्रजाति लोप हुने खतरा रहेको अनुमान गरिएको छ ।

उच्चतम उत्सर्जनको अवस्थामा ७४ प्रतिशत पानीका लागि हिम नदीमा निर्भर रहेको अमुदर्या नदी, ४० प्रतिशत पानीका लागि हिम नदीमा निर्भर रहेको इन्दुज नदी तथा ७७ प्रतिशत पानीका लागि हिमनदीमा निर्भर रहेको हेलमन्ड नदीमा पानीको प्रवाह नाटकीय हिसाबले घट्ने अध्ययनको आँकलन छ ।

हिन्दकुश हिमालय क्षेत्रबाट बग्ने १२ प्रमुख नदीका लागि हिमालय क्षेत्रको हिउँ र बरफ महत्वपूर्ण स्रोत रहँदै आएको छ । यी नदीले यस क्षेत्रका पहाडी भूभागमा बस्ने रु २४ करोड जनसङ्ख्यालाई स्वच्छ पानी तथा अन्य पारिस्थिकीय सेवा दिँदै आएका छन् भने तल्लो तटका एक अर्ब ६५ करोड मानिस यही स्वच्छ पानीमा आधारित छन् ।

उच्चतम भू-भागमा हिउँ जमेको जमिन घट्दै जाँदा यसले धेरै पहिरो जाने र उच्चतम भूभागमा निर्माण भएका भौतिक संरचना संकटमा पर्ने, हिमतालमा विस्फोटको खतरा बढ्ने तथा विपद्का कारण ठूलो जनसङ्ख्या विस्थापित हुनेसमेत देखिएको छ । "भविष्यमा हुने हानि तथा नोक्सानीलाई सम्बोधन गर्न र समुदायको अनुकूलन क्षमता बढाउन तत्काल अन्तर्राष्ट्रिय सहयोग र क्षेत्रीय सहकार्य आवश्यक छ", अध्ययनले भनेको छ ।

इसिमोडकी उपमहानिर्देशक इजाबेला कोजिएलले भन्नुभएको छ, "हिन्दकुश र हिमालय क्षेत्रका हिमनदी पृथ्वीको प्रणालीको अभिन्न अङ्ग हुन् । यसलाई गुमाउँदा हुने नोक्सानीलाई हिसाब गरी साध्य छैन । विश्वले यो सङ्कटलाई रोक्न आवश्यक छ । तत्काल यो सङ्कट न्यून गर्ने प्रयासका साथै अनुकूलन कोषको आवश्यकता, पारिस्थिकीय प्रणाली, पुनःस्थापना तथा हानिनोक्सानीका लागि थप वित्तीय परिचालन आवश्यक देखिएको छ ।"

# चार प्रतिशत बालबालिकामा दृष्टिदोषको समस्या

काठमाडौँ, ६ असार (रासस) ।

नेपाल नेत्रज्योति सङ्घ र अर्विसको सहकार्यमा सञ्चालित नेपाल रिच परियोजनाबाट करिब आठ लाख बालबालिका लाभान्वित भएका छन् । आँखा जाँच गरिएकामध्ये चार प्रतिशत बालबालिकामा दृष्टिदोषको समस्या देखिएको छ ।

अर्विसको आर्थिक सहयोगमा सङ्घले सञ्चालन गरेको उक्त परियोजनामार्फत झापा, मोरङ, पर्सा, सुनसरी र सिराहा जिल्लाका सात लाख ८५ हजार चार सय ६० बालबालिकाको निःशुल्क आँखा परीक्षण गरिएको हो ।

सन् २०१८ देखि २०२२ सम्म सञ्चालित परियोजनामार्फत ६ देखि १८ वर्षसम्मका विद्यालय जाने र नजाने बालबालिकाको आँखा परीक्षण गरिएको थियो । सङ्घका कार्यक्रम व्यवस्थापक रञ्जन शाहले आँखा परीक्षण पश्चात् समस्या देखिएका बालबालिकालाई निःशुल्क चस्मा तथा शल्यक्रियासमेत गरिएको बताउनुभयो ।

उक्त परियोजनामार्फत चार वर्षमा दुई हजार पाँच सय ५५ वटा निजी तथा सामुदायिक विद्यालयहरूमा आँखा जाँच गरिएको थियो । उहाँले उक्त जाँचका क्रममा दृष्टिमा समस्या देखिएका २० हजार तीन सय ८० बालबालिकालाई निःशुल्क चस्मा वितरण गर्नाका साथै दुई सय एकजना बालबालिकाको आँखाको निःशुल्क शल्यक्रियासमेत गरिएको जानकारी दिनुभयो ।

कार्यक्रम व्यवस्थापक शाहका अनुसार आँखा जाँच गरी वितरण गरिएको चस्मामध्ये ६३ प्रतिशत बालबालिकाले मात्र नियमित रूपमा चस्मा प्रयोग गरिरहेका छन् । "चस्मा लगाउँदा साथीहरूले जिस्क्याउने, आमाबाबुले छोरीलाई विवाह गर्न कठिनाइ हुने भन्दै चस्मा लगाउन नदिने, चस्मा लगाउँदा सहजता नहुने र लजाउने जस्ता कारणहरूले पनि बालबालिकाहरूले नियमित रूपमा चस्मा नलगाएको देखिन्छ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार यसरी वितरण गरिएका चस्माको नियमित प्रयोगबाट ती विद्यार्थीहरूको शैक्षिकस्तरमा समेत उन्नति भएको छ, उनीहरूको दैनिकीमा समेत धेरै नै परिवर्तन आएको देखिएको छ ।

आर.एम केडिया आँखा अस्पताल,सगरमाथा चौधरी आँखा अस्पताल, विराटनगर आँखा अस्पताल र मेची आँखा अस्पतालमार्फत ती जिल्लाहरूमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले सङ्घले कोही पनि नागरिकहरू पहुँच र पैसाको अभावमा आँखा उपचार सेवाबाट वञ्चित नहोऊन् भन्ने उद्देश्यले विभिन्न दातृ निकायहरूसँगको सहकार्यमा देशैभरि विभिन्न निःशुल्क शिविर आयोजना गरिरहेको जानकारी दिनुभयो । परियोजनाले कार्यक्रम सञ्चालित जिल्लाका महिला स्वास्थ्य स्वयम्सेविका, शिक्षक तथा विद्यायलका 'भिजन एम्ब्यास्डर'लाई आँखा जाँचसम्बन्धी आधारभूत तालिमसमेत प्रदान गरिएको थियो ।

# मौलिक हकसम्बन्धी कानुन छिटो बनाउन सांसदको माग

काठमाडौँ, ६ असार (रासस) ।

संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरिएका रोजगारी, खाद्य सुरक्षा र आवासलगायत हक कार्यान्वयनक लागि कानुन नबन्दा कार्यान्वयनमा समस्या आएकाले छिटो आवश्यक कानुन बनाउन सांसदहरूले माग गर्नुभएको छ ।

विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकमाथिको जारी छलफल अन्तर्गत युवा तथा खेलकुद, शिक्षा, विज्ञान तथा प्रविधि, कानुन, न्याय तथा संसदीय मामिला र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको बजेटको छलफलमा भाग लिनुहुँदै सांसदहरूले संविधानमा मौलिक हकमै राखिएका विषयका कानुन संविधान जारी भएको आठ

*बाँकी तीन पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.) General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# सार्वजनिक ऋण रु २१ खर्ब ७३ अर्ब नाघ्यो

काठमाडौँ, ६ असार (रासस)।

नेपालले हालसम्म तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व रू २१ खर्ब ७३ अर्ब २४ करोड ७२ लाख पुगेको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको जेठ मसान्तसम्मको तथ्याङ्कअनुसार नेपालले रू १० खर्ब ९९ अर्ब ७२ करोड ३३ लाख आन्तरिक र रू १० खर्ब ७३ अर्ब ५२ करोड ३९ लाख बाह्य ऋण तिर्न बाँकी रहेको देखिएको हो।

घाटा बजेट ल्याउँदा बर्सेनि सार्वजनिक ऋण थपिँदै जाने र त्यसको साँवा ब्याज भुक्तानीको दायित्वको भारसमेत सरकारको वार्षिक बजेटमा बढ्दै जाने भन्दै संसद्मा विषय उठिरहेका बेला यस्तो तथ्याङ्क सार्वजनिक भएको हो। सरकारले आगामी आर्थिक वर्षको घाटा बजेट पूर्ति गर्नका लागि थप रू चार खर्ब ५२ अर्ब ७५ करोड बराबर ऋण उठाउने लक्ष्य राखेको छ। जसमध्ये रू दुई खर्ब ४० अर्ब आन्तरिक र रू दुई खर्ब १२ अर्ब ७५ करोड बाह्य उठाउने सरकारको लक्ष्य छ। चालु आर्थिक वर्ष २०७९/८० सुरु हुँदा अर्थात् गतवर्ष असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण रू २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख बराबर थियो। चालु आर्थिक वर्षको पछिल्लो ११ महिना अवधिमा मात्र रू एक खर्ब ५९ अर्ब ९५ करोड आठ लाख बराबर ऋण थपिएको छ।

नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को आकार रू ४८ खर्ब ५१ अर्ब ६२ करोडलाई आधार मान्दा जिडिपीमा सार्वजनिक ऋणको अनुपात ४४ दशमलव ७९ प्रतिशत पुगेको छ। जिडिपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जाँनु र न्यून पुँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्नसक्ने भन्दै यो विषय अहिले संसद्मासमेत उठिरहेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको ११ महिनामा सरकारले रू तीन खर्ब ६ करोड ऋण उठाएको छ भने रू दुई खर्ब पाँच अर्ब १७ करोड बराबर साँवा ब्याज भुक्तानी गरेको छ। जेठ मसान्तसम्ममा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गरेको खर्च करिब रू ५२ अर्ब आठ करोड ६० लाखले बढी हो। जेठ मसान्तसम्ममा सरकारको पुँजीगत खर्च रू एक खर्ब ५३ अर्ब आठ करोड ४२ लाख छ।

यसरी एकातर्फ सरकारको राजस्व असुली न्यून हुँदा ऋण उठाएर घाटा बजेट पूर्ति भइरहेको छ भने अर्कोतर्फ बर्सेनि थपिँदै गएको ऋणको साँवा ब्याजसमेत बढ्दै जाँदा वार्षिक बजेटको ठूलो अंश यसमा खर्च हुने गरेको छ। यो अवधिमा आन्तरिक ऋणको साँवा, ब्याज र कमिसन भुक्तानीमा रू एक खर्ब ६४ अर्ब ४८ करोड ७८ लाख बराबर खर्च भएको छ। जेठ महिनासम्म आन्तरिक ऋणको साँवा भुक्तानीमा रू एक खर्ब आठ अर्ब ११ करोड ३८ लाख, ब्याज भुक्तानीमा रू ५६ अर्ब २६ करोड १० लाख र कमिसन भुक्तानीमा रू ११ करोड ३० लाख बराबर खर्च भएको छ।

त्यस्तै, बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा रू ४० अर्ब ६८ करोड ४२ लाख बराबर खर्च भएको छ। बाह्य ऋणको साँवा भुक्तानीमा रू ३१ करोड ९९ लाख ८८ हजार र ब्याज भुक्तानीमा रू आठ अर्ब ६८ करोड ५४ लाख बराबर खर्च भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ अनुसार कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। कूल सार्वजनिक ऋणलाई कूल जनसङ्ख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण रू ७४ हजार पाँच सय १६ बराबर पर्न जान्छ।

## *मौलिक हकसम्बन्धी ...*

वर्षसम्म बन्न नसक्नु दुःखद् भएको बताउनुभयो।

सांसद अर्जुननरसिंह केसीले २०२८ सालको शिक्षा ऐन अझै संशोधन नहुनुले दुई थरीको जनशक्ति निर्माण भइरहेकोतर्फ सरकारको ध्यान जानुपर्ने बताउनुभयो। बुढानीलकण्ठ स्कुल भ्रष्टाचारको अखडा भएको भनी अभिभावकले गुनासो गरेको उल्लेख गर्नुहुँदै उहाँले शिक्षामन्त्रीको ध्यानाकर्षण गराउनुभयो।

बैठकमा सांसदहरू ध्रुवबहादुर प्रधान, प्रकाश अधिकारी, शेरबहादुर कुँवर, अब्दुल खान, अरुणकुमार चौधरी, योगेन्द्र मण्डललगायतले युवा तथा खेलकुद, शिक्षा, विज्ञान तथा प्रविधि, कानुन, न्याय तथा संसदीय मामिला र कृषि तथा पशुपक्षी विकासका विषयमा विचार राख्नुभएको थियो।

विसं २०७७ सालमा जारी भएको खेलकुद ऐन, वृहत् रूपमा आउन नसकेको भन्दै उहाँहरूले खेलकुद परिषद्लाई राजनीतिक अखडाका रूपमा राख्न नहुनेमा जोड दिनुभएको थियो।

राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०७९/०८०
च.न. १८५८

मिती :- २०८०।०३।०४

विषय:- सुचना सूचना सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.२ हाल १ बस्ने पंचानन्द झाले तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८०।०३।०३ गते मा द.न. १६५४ को निवेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.वा.नं.२हाल १ बस्ने जगदम्बा ब्राहम्नी नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | दिघवा | ७ | ७४६ | ०-७-१५ |
| सप्तरी | नर्घो | ३ख | ३१३ | ०-५-५ |
| सप्तर | नर्घो | ४ | ११९४ | ०-३-१७ १/२ |

२०८०।३।६

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.१


# बाढीबाट बच्ने उपायहरू




अनुरोधकर्ता
रुपनी गाउँपालिका, सप्तरी


# विश्व समाचार

## होन्डुरनको महिला कारागार दङ्गामा ४१ कैदीको मृत्यु

तेगुसिगाल्पा, ६ असार (रासस/एएनआई)।

होन्डुरसको केन्द्रीय महिला कारागारमा दङ्गा भड्किदा ४१ जना कैदीको मृत्यु भएको छ। न्यु योर्क टाइम्सका अनुसार लामो समयदेखि समस्याग्रस्त कारागार प्रणालीमा भड्किएको हिंसाको यो सबैभन्दा घातक घटना हो।

सरकारी वकिलको कार्यालयका प्रवक्ता युरी मोराका अनुसार अधिकांश पीडित जलेका छन भने अरुलाई गोली लागेको छ। मोराका अनुसर राजधानी तेगुसिगाल्पा नजिकैको तामारामा रहेको हिरासतमा अनुसन्धानकर्ताहरूले खोजी गर्दा मृत्यु हुनेको सङ्ख्या बढ्ने अनुमान गरिएको छ। "यत्रो मानवीय घटनाप्रति हामी स्तब्ध छौं," सुरक्षा उपमन्त्री होन्डुरन पेनटेन्शियरी सिस्टमका प्रमुख जुलिसा विलानुभाले एक पत्रकार सम्मेलनमा भन्नु भएको छ।

यस्तै घटना सन् २०१९ मा पनि घटेको थियो जुन झडपमा ४० गिरोह सदस्यको मृत्यु भएको थियो। न्युयोर्क टाइम्सका अनुसार मङ्गलबारको घटनामा मृत्यु हुनेको सङ्ख्याले अमेरिकी देशमा नराम्रो परिदृष्य उदाङ्गो पारेको छ।

महिला कारागारमा हालैका वर्षहरूमा हत्या-हिंसाका घटनाहरू बढेका छन् जहाँ दुई प्रतिद्वन्द्वी आपराधिक सङ्गठनका महिला गिरोह सदस्यबीचको भिडन्तमा थुप्रै कैदीलाई घाँटी थिचिएको छ भने कसैलाई छुरा प्रहार गरिएको छ।

राष्ट्रपति जिओमारा क्यास्ट्रोले यस घटना "स्तब्ध" भएको र जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउन "कडा कदम" चाल्ने बताउनुभएको छ। एमएस-१३ र १८ स्ट्रिट ग्यान्गहरू लामो समयदेखि प्रतिद्वन्द्वीहरूले (जुन संयुक्त राज्यमा उत्पत्ति भएका थिए) दशकौंदेखि होन्डुरस र छिमेकी देशहरूमा हिंसा भड्काइरहेका छन्।

ह्युमन राइट्स वाचद्वारा सन् २०२१ को होन्डुरसको प्रतिवेदन अनुसार "कारागारहरूमा अत्यधिक भीडभाड, अपर्याप्त पोषण, कमजोर सरसफाइ, कुटपिट, अन्तर-सामूहिक हिंसा, र बन्दी हत्याहरू चरम अवस्थामा छन्।" न्यु योर्क टाइम्सका अनुसार एक सरकारी अधिकारीका अनुसार होन्डुरसको नेशनल वुमेन्स पेनिटेन्शियरी फर सोशल एडप्टेसनले लगभग ८०० कैदीहरूलाई राखिएको छ यो सङ्ख्या क्षमताभन्दा लगभग दोब्बर हो। मानव अधिकार सम्बन्धी अन्तर-अमेरिकी आयोगले सन् २०२० मा होन्डुरन जेलहरूमा "थुप्रै हिंसात्मक घटना" घटेको देखाएको छ।

## दक्षिण अफ्रिकाको वेस्टर्न केपमा बाढीका कारण दुई जनाको मृत्यु

केप टाउन, ६ असार (रासस/सिन्ह्वा)।

दक्षिण अफ्रिकाको पश्चिमी केप प्रान्तमा भर्खरै आएको बाढीका कारण दुई जनाको मृत्यु भएको छ। बाढिबाट स्थानीय कृषिमा एक अर्ब र्यान्ड (लगभग ५४.५ मिलियन अमेरिकी डलर) क्षति पुग्न सक्ने आँकलन गरिएको छ। स्थानीय सञ्चारमाध्यमका अनुसार पश्चिमी केप सरकारले प्रारम्भिक बाढी क्षतिको आँकलन गर्दै प्रान्तको कृषि क्षेत्रको लागि ७५० मिलियन र एक बिलियन रेन्डको बीचमा हुने अनुमान गरेको छ।

यद्यपि प्रान्तीय सरकारका प्रमुख वेस्टर्न केपका प्रिमियर एलन विन्डेले हालै आएको बाढीबाट भएको क्षतिको विवरण सङ्कलन भइरहेको जनाएका छन्। "दुर्भाग्यवश बाढीमा दुई जनाले ज्यान गुमाएका छन्। हामी हराएकाका प्रियजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं। प्रत्येक जीवन गुमाउनु दुःखद हो," उनले प्रान्तीय सरकारको वेबसाइटलाई उद्धृत गर्दै भनेका छन्।

जुन १४ र जुन १९ बीचको भारी वर्षाको कारण दक्षिण अफ्रिकाको दक्षिणी प्रान्त पश्चिमी केपका केही क्षेत्रमा ठूलो बाढी निम्त्याएको छ। गत हप्तादेखि आएको बाढीमा कम्तीमा दुई जनाको मृत्यु भएको छ भने हजारौं विस्थापित भएका छन्। बाढीबाट प्रभावित क्षेत्रमा नदी पार गरेर यात्रा गर्ने र जोखिमयुक्त सडकमा नजान सर्वसाधारणलाई सचेत रहन आग्रह गरिएको छ।

## गोलीबारीमा चार इजरायलीको मृत्यु

तेल अवीव, ६ असार (रासस/एएनआई/टीपीएस)।

एली समुदाय नजिकैको ग्यास स्टेशनमा मङ्गलबार दुई प्यालेस्टाइनीले गोली चलाउँदा चार इजरायलीको मृत्यु भएको छ भने अन्य चार घाइते भएका छन्।

चारैजनालाई आपतकालीन उद्धारकर्ताले घटनास्थलमै मृत घोषणा गरेका थिए। अन्य चारजनालाई अस्पतालमा भर्ना गरिएको छ जसमा एकको अवस्था गम्भीर छ, दुईजना सामान्य घाइते छन्। इजरायल डिफेन्स फोर्सले जनाएअनुसार चार जना घाइतेमध्ये एक आम नागरिक हुन्।

सेनाले एलीको १,००० बासिन्दालाई उनीहरूको घरमा बस्न र ढोका र झ्याल बन्द गर्न भनेको छ। यसैबीच रक्षा मन्त्री योभ ग्यालान्टले स्थितिबारे छलफल गर्न वरिष्ठ रक्षा अधिकारीसँग बैठक गर्ने बताएका छन्।

आइतबार जेनिनमा भएको भीषण झडपपछि जुडिया र सामरियामा तनाव बढेको छ। सशस्त्र समूहले सडक मुनि गाडिएको ४० किलो बम निस्तेज पारेको छ। यता हमासका प्रवक्ताले आक्रमणको प्रशंसा गरेका छन्।

# सप्तरी प्रिमियर लिगमा बजाज खडक वारियर्स र रुपनी राइडर्स विजयी



**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

राजविराजमा जारि सप्तरी प्रिमियर लिगको चौंथो दिन सम्पन्न खेलमा बजाज खडक वारियर्स र रुपनी राइडर्स विजयी भएका छन् । बजाज खडक वारियर्स दइ वटा खेलमा जित हासिल गरेकोले ४ अंकसहित अंक तालिकाको शिर्ष स्थानमा रहेको छ ।

बुधबारको खेलमा बजाज खडक वारियर्सले राजविराज द किंग्सलाई ७ विकेट तथा रुपनी राइडर्सले कन्चनरुप राइनोजलाई पनि ७ विकेटले पराजित गरेको छ ।

पहिलो खेलमा राजविराजले दिएको ८८ रनको लक्ष्य खडक वारियर्सले ६.१ ओभरमा ३ विकेट गुमाएर प्राप्त गऱ्यो । बजाज खडक वारियर्सको ब्याटिंगमा कप्तान बिबेक यादवले १९ बलमा २ चौका र ५ छक्का मद्दतले अविजित ४५ रन बनाएभने साहिल पटेलले १२ तथा राज वर्मा र सन्दिप रजालीले समान ११ रन बनाए । राजविराजका बलर बिक्रम सोबले २ तथा सकिम आलमले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको राजविराज द किंग्सले १८ ओभरमा ८७ रन बनाउदा सबै विकेट गुमायो । जसमा शंकर रानाले सर्वाधिक २६ तथा तृत राजदासले १७ रन बनाए । खडक वारियर्सका देब्रे हाते स्पिनर अनिल खरेल एक्लैले ४ विकेट लिए वापत प्लेयर अफ द म्याच घोषित भए । यस्तै अनिल यादवले ३, बिबेक यादवले २ तथा दिनेश अधिकारीले १ विकेट लिए ।

यस्तै दोश्रो खेलमा रुपनी राइडर्सले कन्चनरुपले दिएको १ सय ३८ रनको लक्ष्य १३.४ ओभरमै पुरा गरेको छ । रुपनीका लागि रोहन बिकले सर्वाधिक ५५ रन बनाए वापत प्लेयर अफ द म्याच समेत चुनिए । यस्तै भोला शाहले ४५ तथा अरनिको यादवले अविजित ३६ रन बनाए । कन्चनरुपका बलर राशिद खानले ३ विकेट लिए ।

यस अघि टस हारेर ब्याटिंग गरेको कन्चनरुप राइनोजले निर्धारित १५ ओभरमा ९ विकेट गुमाएर १ सय ३७ रन बनाएको थियो । जसमा नारायण जोशीले मात्र १५ बलमा ४२ रन बनाए । अमित यादवले ३० तथा दिलिप नाथले २२ रन बनाए । रुपनीका जितेन्द्र मुखिया, अशोक मेहता र फिर्दोश अन्सारीले २/२ तथा मुकुन्द यादवले १ विकेट लिए ।

प्रतियोगितामा ३ खेलमा २ जित र १ हार बेहोरेको रुपनी राइडर्स समान ४ अंक रहेता पनि नेट रन रेटमा पछि रहँदै दोश्रो स्थानमा छ । कन्चनरुप राइनोज, छिन्नमस्ता लायन र बलानबिहुल सुपर किंग्स समान २ अंक रहेता पनि नेट रन रेटको आधारमा क्रमशः तेश्रो, चौंथो र पाँचौ स्थानमा छ । तिन वटै खेलमा पराजित राजविराज द किंग्स छैठौं स्थानमा छ ।

## *योग सम्बन्धी विषय ...*

साथ मनाउने प्रतिवद्धता गर्दै विद्यालयदेखि विश्वविद्यालयसम्म योग सम्बन्धी विषय पाठ्यक्रममा राखेर पठन-पाठन गराउदा विद्यार्थीहरुमा रहेका कुलत व्यवहार समेत घटेर जाने सुझाव दिए ।

युवा अवस्थादेखि नै योगको अभ्यास गर्दा मानव समुदायमा आत्मबल मजबुत हुने र दक्ष जनशक्ति निर्माणमा टेवा पुग्ने उनको भनाई थियो ।

## *सोनरामा विद्यालय ...*

खुल्ला तर्फ विद्यानन्द प्रसाद यादव २ सय २६ मत र फुलवा सरदारले २ सय ११ मत ल्याएर विजयी भएका छन् ।

यसैगरी महिला तर्फ श्याम कुमारी मंडल २ सय २५ र सरिता कुमारी सदा २ सय १८ मत ल्याएर विजयी भएको विद्यालय व्यवस्थापन समिति सहयोग समितिका संयोजक विदुर विक्रम थापाले जानकारी दिए ।

विद्यालय व्यवस्थापन समितिमा ४ जना सदस्य छनौट गर्न पुरुष तर्फ ८ जना र महिला तर्फ ८ जना गरी कूल १६ जना चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । कूल ७४१ जना मतदाता रहेकोमा ६ सय २३ जनाले मतदान गरेको विद्यालयका प्रधनाध्यापक नागेन्द्र प्रसाद सिंहले बताए ।

# तोपामा अत्याधुनिक प्रयोगशाला संचालन



**दैनिक समाचारदाता**
**राजविराज, ६ असार ।**

सप्तरीको तिलाठी कोइलाडी गाउपालिका वडा नं ८ तोपास्थित प्राथमिक स्वास्थ्य केन्द्रमा स्थापना गरिएको जनस्वास्थ्य प्रयोगशाला बुधबारदेखी संचालनमा आएको छ ।

मधेश प्रदेश सरकारको सहयोग तथा गाउँपालिकाको समन्वयमा स्थापना गरिएको अत्याधुनिक जनस्वास्थ्य प्रयोगशालाको बुधबार एक कार्यक्रमबीच गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले उद्घाटन गरे ।

सो अवसरमा अध्यक्ष मण्डलले निकट भविष्यमै अत्याधुनिक अल्ट्रासाउन्ड समेत सञ्चालनमा ल्याइअझ सुविधा सम्पन्न बनाउने लक्ष्य रहेको बताए ।

प्रदेश सरकारले अत्याधुनिक परीक्षण उपकरणहरू उपलबध गराएपछि गाउपालिकाले आवश्यक भौतिक पूर्वाधारको व्यवस्था गरेपछि प्रयोगशाला सञ्चालनमा ल्याइएको प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृत डा. सन्तोषप्रसाद साहले जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ का वडा अध्यक्षतथा स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका अध्यक्ष सत्यनारायण यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा वडा नं. ७ का अध्यक्ष हरिनारायण मण्डल, स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिका पूर्व अध्यक्षद्वय लक्ष्मीप्रसाद मण्डल र राधेश्याम यादव, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य अवधेश कुमार झा सहितकाले मन्तब्य ब्यक्त गरेका थिए ।

ल्याब सेवा लिन राजविराज जानुपर्ने बाध्यता रहेको अवस्थामा प्राथमिक स्वास्थ्य केन्द्र तोपामा अत्याधुनिक प्रयोगशाला सञ्चालनले तिलाठी कोइलाडी गाउँपालिका, महादेवा गाउँपालिका, राजविराज नगरपालिकाका केही वडाका बासिन्दाहरु लाभान्वित हुने तोपा प्राथमिक स्वास्थ्य केन्द्रका सिअहेब बालकुमार साहले जानकारी दिए ।

प्रयोगशालामा न्यून शुल्कमा परीक्षणको व्यवस्था मिलाइएको प्राथमिक स्वास्थ्य केन्द्र तोपाका प्रमुख डा. सन्तोष साहले जानकारी दिए ।


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**
**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**बाढीबाट बच्ने उपायहरु**




अनुरोधकर्ता
डाक्नेश्वरी नगरपालिका, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*